# प्रेस चौतारी नेपाल

## विधान २०५५

(छैठौं संशोधन)

# प्रस्तावना

प्रेस जगतले यथार्थको उदघाटन गर्दै समाजलाई अघि बढाउन सचेतक र उत्प्रेरकको भुमिका निर्वाह गर्न सक्नुपर्छ । संघीय लोकतान्त्रिक गणतन्त्र, बहुलवाद, समावेसी सिद्धान्त र जनआन्दोलनका भावनाअनुसार जारी भएको नेपालको संबिधानको फल आम नागरिकसम्म पुऱ्याउँदै सुदृढ रुपमा क्रियाशिल तुल्याउन प्रेस जगतले अरु महत्वपुर्ण भूमिका खेल्नुपर्ने आवश्यकता स्पष्ट छ । यस्तो सवल माध्यमलाई निश्पक्ष रुपमा प्रजातान्त्रिक संस्कारको बिकाश, खोजपुर्ण, ब्यावसायिक र अनुसन्धानमुलक पत्रकारिता, संवाद, क्रियाकलापहरूको सञ्चालन, पेशागत शीप र पत्रकारहरूको बृत्ति बिकाशमा सहयोग पुऱ्याउन एउटा संस्थाको आवश्यकता महसुस गरी प्रेस चौतारी नेपाल गठन गरिएको छ ।

बहुदलीय लोकतान्त्रिक परिपाटीको प्रवर्द्धन, खोजपूर्ण, व्यावसायिक एवम् अनुसन्धानमूलक पत्रकारिता सम्बद्ध क्रियाकलापहरूको सञ्चालन, पेसागत सीप र पत्रकारहरूको वृत्ति विकासमा सहयोग पुऱ्याउने उद्देश्यबाट अभिप्रेरित भई २०५५ मंसरिमा **प्रेस चौतारी नेपाल** स्थापना भएको हो । उक्त उदेश्य प्राप्तिका लागि संबिधानसभाबाट निर्माण भई जारी भएको नेपालको संबिधानले संस्थागत गरेका मुलुकको संघीय संरचना, समावेशी सिद्धान्त तथा अन्य अग्रगामी मुल्य मान्यतालाई आत्मसाथ गर्दै २०७३ जेठ ६-८ गते काठमाडौंमा सम्पन्न आठौं राष्ट्रिय अधिवेशनबाट छैठौं संशोधन (२०७३) सहित यो बिधान जारी गरिएको छ । प्रेस चौतारी नेपालका सम्पुर्ण क्रियाकलाप अवदेखि यही बिधानद्वारा निर्देशित र सञ्चालित हुनेछ ।

परिच्छेद-१

## प्रारम्भ तथा विषय प्रवेश

### १. संक्षिप्त नाम र प्रारम्भ

क. संगठनको नाम प्रेस चौतारी नेपाल रहने छ। विभिन्न सञ्चारमाध्यममा असंगठित रुपमा कार्यरत पत्रकार तथा सञ्चारकर्मीहरूलाई समावेश गरी संघ, संस्था दर्ता ऐन २०३४ को दफा (४) गठित संगठन सम्झनुपर्नेछ ।

ख. अङ्ग्रेजीमा यसलाई Press Chautari Nepal (PCN) भनिनेछ ।

ग. यो विधान तुरुन्त लागू हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क. 'संगठन' भन्नाले संघ, संस्था दर्ता ऐन २०३४ को दफा (४) बमोजिम गठित प्रेस चौतारी नेपालको विधानअनुसार गठन भएको संगठनलाई बुझाउँदछ ।

ख. 'सदस्य' भन्नाले यस विधानको परिच्छेद ३ अनुसार सदस्यता प्राप्त गरेका व्यक्तिलाई सम्झनुपर्दछ ।

ग. 'स्थानीय अधिकारी' भन्नाले 'प्रमुख जिल्ला अधिकारी'लाई जनाउँदछ ।

घ. 'केन्द्रीय समिति' भन्नाले यस विधान बमोजिम गठित प्रेस चौतारी नेपालको केन्द्रीय समितिलाई जनाउँदछ ।

ङ. 'प्रदेश समिति' भन्नाले यस विधान बमोजिम गठित प्रेस चौतारी नेपालको प्रदेश समितिलाई जनाउँदछ ।

च. 'जिल्ला, बिशेष/प्रतिष्ठान समिति' भन्नाले यस विधान बमोजिम सम्बन्धित जिल्ला, बिशेष/प्रतिष्ठानको नाम राखी गठित **प्रेस चौतारी नेपाल**को जिल्ला, बिशेष/प्रतिष्ठान समितिलाई जनाउँदछ ।

छ. 'राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य' भन्नाले प्रेस चौतारी नेपालको राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्यहरूलाई जनाउँछ ।

ज. 'पत्रकार' भन्नाले आमसञ्चारमाध्यमका सम्पादक, कार्यकारी सम्पादक, समाचार सम्पादक, उपसम्पादक, प्रमुख समाचारदाता, समाचारदाता, प्रस्तोता, टिप्पणीकर्ता, स्तम्भ लेखक, कार्यक्रम उत्पादक, कार्यक्रम निर्माण, ग्राफिक डिजाइनका साथै कार्टुनिस्ट, प्रेस फोटोग्राफर वा स्वतन्त्र पत्रकारका रूपमा आमसञ्चार क्षेत्रमा कार्यरत व्यक्ति बुझाउँदछ ।

झ. प्रेस चौतारी नेपाल एक अविच्छिन्न उत्तराधिकारवाला स्वतन्त्र संगठन हुनेछ र यसले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त, बिक्री र कारोबार गर्न सक्नेछ ।

ञ. यसले व्यक्ति सरह नालिस-उजुर गर्न र आफ्नो नाउँमा परेका नालिस-उजुरमा प्रतिवाद गर्न सक्नेछ ।

ट. यस विधानको व्याख्या गर्ने अन्तिम अधिकार केन्द्रीय समितिमा रहनेछ ।

## ३. छाप र प्रतीक चिन्ह

संगठनको आफ्नै छाप र प्रतीक चिन्ह केन्द्रीय समितिले निर्णय गरेअनुरूप हुनेछ ।

## ४. कार्यालय

संगठनको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ । प्रदेश/जिल्ला, बिशेष/प्रतिष्ठान कार्यालय सम्बन्धित प्रदेश/जिल्लामा प्रदेश/जिल्ला, बिशेष/प्रतिष्ठान समितिले निर्णय गरेबमोजिम रहनेछन् ।

परिच्छेद-२

# उद्देश्य

## ५. उद्देश्य

**बिद्यमान ऐन, कानूनको परिधीभित्र रही संस्थाका मुलभुत उद्देश्यहरू निम्नानुसार हुनेछन् :**

१. प्रेस जगतको संस्थागत विकास गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

२. पत्रकार र प्रेससँग सम्बन्धित व्यक्तिहरूका पेसागत हक, हित र सीप प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।

३. समाजका उपेक्षित, उत्पीडित वर्ग, बालबालिका, महिला, जनजाति, मुस्लिम, अल्पसंख्यक, पिछडिएका क्षेत्र, आर्थिक संमृद्धि, जस्ता विविध पक्षलगायत मानवअधिकार तथा वातावरणका सम्बन्धमा अनुसन्धान तथा प्रेस सम्बद्ध कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. जनसमुदायका न्यायपूर्ण सङ्घर्षको पक्षमा दृढतापूर्वक संलग्न रहन तथ्यपरक पत्रकारिताको विकासमा सहयोग पुऱ्याउँदै मानवअधिकार र वाक तथा प्रकाशन स्वतन्त्रताको पूर्ण वहालीका निम्ति कार्यरत रहने ।

५. राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, क्षेत्रीय अखण्डता, राष्ट्रिय हित, लोकतान्त्रिक मूल्य-मान्यता, संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्ने पक्षमा सक्रिय, निष्पक्ष र निर्भीक पत्रकारितालाई सघाउने ।

६. नेपाल पत्रकार महासङ्घलगायत राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा समान उद्देश्य रहेका प्रेस र अन्य सामाजिक सङ्घ, संस्था र सङ्गठनहरूसँग मित्रवत् सम्बन्ध र सहयोग कायम राखी सहकार्य गर्ने ।

७. पत्रकारिताको विकास र पत्रकारहरूको वृत्ति विकासमा सहयोगी हुने खालका कार्यक्रम गर्ने ।

८. पत्रकारिता क्षेत्रमा उल्लेख्य काम गर्ने प्रतिभाहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने ।

९. पत्रकारको क्षमता, सीप र गुणस्तर अभिबृद्धिका लागि विभिन्न तालिम तथा प्रशिक्षणहरू सञ्चालन गर्ने ।

१०. असंगठित श्रमजीवी पत्रकार तथा सञ्चारकर्मीको पेसागत हक, अधिकारको निम्ति ट्रेड युनियन अधिकारप्रति सचेत बनाउने ।

परिच्छेद-३

## सदस्यता

### ६. सदस्यको योग्यता र प्रकार

संगठनका संस्थापक, आजीवन, साधारण र मानार्थ गरी चार प्रकारका सदस्य हुनेछन् ।

क. संगठन स्थापनाको प्रारम्भिक भेलामा उपस्थित भएका र संगठन स्थापनाको प्रारम्भिक कागजातमा हस्ताक्षर गर्ने सबै सदस्यहरूलाई संस्थापक सदस्य मानिनेछ ।

ख. संगठनको विधान र नियम पालना गर्ने तथा सक्रिय पत्रकारितामा दुई वर्षदेखि क्रियाशील रहेका र नेपाल सरकार सूचना बिभागबाट प्रेस प्रतिनिधि पत्र लिएका वा नेपाल पत्रकार महासंघको सदस्यता प्राप्त गरेका ब्यक्तिहरू संगठनको साधारण सदस्य बन्न सक्नेछन् । तर, महिला, दलित, आदिवासी जनजाति, मधेसी, अल्पसङ्ख्यक र पिछडिएको क्षेत्रका हकमा एक वर्षको अनुभव प्राप्त पत्रकारहरू साधारण सदस्यका लागि योग्य मानिनेछन् ।

ग. आमसञ्चार क्षेत्रमा लामो सेवा र योगदान गर्दै आएका र संगठनको उद्देश्य प्राप्तिका लागि विशेष योगदान पुऱ्याउने स्वदेशी तथा विदेशी व्यक्ति वा संगठनलाई केन्द्रीय समितिले आफ्नो कार्यावधिसम्मका लागि मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । यस्ता मानार्थ सदस्यलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । तर, बैठकमा मत दिन वा कुनै तहको

समितिको पदाधिकारी तथा सदस्यको निर्वाचनमा मतदान गर्ने अधिकार भने हुने छैन ।

## ७. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि

१.संगठनको सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि निम्नबमोजिम हुनेछ :

क. संगठनका संस्थापक र साधारण सदस्यहरूले बार्षिक रु. २००। (दुई सय रुपैया) सदस्यता शुल्क बुझाउनु पर्नेछ। यस्तो शुल्कको २५ प्रतिशत प्रदेश समितिमा, २५ प्रतिशत जिल्ला समितिमा र ५० प्रतिशत केन्द्रीय समितिमा रहने छ । नयाँ सदस्यले सदस्यता लिँदा रु १०० (एक सय) थप प्रवेश शुल्क तिरी तोकिएको फर्म भरी बुझाउनु पर्नेछ ।

ख. कम्तीमा १० जना साधारण सदस्य रहेको जिल्लामा जिल्ला समिति गठन गर्न सकिनेछ । तर, १० जनाभन्दा कम सदस्य रहेको जिल्लाले दुई वा सोभन्दा बढी जिल्ला मिली संयुक्त जिल्ला समिति गठन गर्न सक्नेछन् ।

ग. जिल्ला, बिशेष/प्रतिष्ठान समिति गठन गर्न केन्द्रीय समितिको अनिवार्य स्वीकृति लिनुपर्नेछ ।

घ. साधारण सदस्यता प्रदान गर्न जिल्ला समितिले केन्द्रीय समितिसँग सहमति लिनुपर्नेछ। सदस्यताको अन्तिम स्वीकृति केन्द्रीय समितिले दिएपछि मात्र लागू हुनेछ। यसरी सदस्यता प्रदान गर्ने वा नगर्ने अन्तिम अधिकार केन्द्रीय समितिको हुनेछ। केन्द्रीय समितिले सदस्यता प्रदान गर्ने गरी स्वीकृति दिएको र अध्यक्षले प्रमाणिकरण गरेको मितिदेखि सदस्यता कायम भएको मानिनेछ।

ङ. राष्ट्रिय अधिवेशन वा राष्ट्रिय प्रतिनिधि परिषद् बैठकको सूचना जारी हुनुभन्दा दुई महिना अगाडिदेखि नयाँ सदस्यता प्रदान गरिने छैन ।

## २. परिषद्का सदस्यहरूको सङ्ख्या

क. दफा ६ (क) र (ख) बमोजिम योग्यता पुगी सदस्यता लिएका कुनै पनि पत्रकार जिल्ला समितिको साधारण सदस्य हुनेछन्, जसलाई जिल्ला प्रतिनिधि परिषद् भनी बुझिनेछ ।

ख. दुई महाधिवेशनका बीचमा राष्ट्रिय प्रतिनिधि परिषद् सर्वोच्च निकाय हुनेछ। केन्द्रीय समितिले विशिष्ट अवस्था ठहर गरेमा राष्ट्रिय अधिवेशनमा

छलफल गराइने जुनसुकै विषयबारे पनि राष्ट्रिय प्रतिनिधि परिषद्/बिधान अधिवेशनमा छलफल गराउन सक्नेछ ।

## ३. राष्ट्रिय प्रतिनिधि परिषद

राष्ट्रिय प्रतिनिधि पषिदको बैठक एक कार्यकालमा एक पटक बस्नेछ, जस्मा निम्नानुसार सदस्यहरू रहनेछन् :

१. केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू

२. पूर्वअध्यक्षहरू

३. संस्थापक सदस्य तथा सल्लाहकारहरू

४. लेखा आयोग र अनुशासन आयोगका अध्यक्ष तथा सदस्यहरू

५. केन्द्रीय विभागका सचिवहरू

६. प्रदेश समितिका अध्यक्षहरू

७. जिल्ला समितिका अध्यक्षहरू

८. केन्द्रीय समितिद्वारा मनोनीत महिलासहित कुल सदस्य सङ्ख्याको १० प्रतिशत सदस्यहरू

## ८. सदस्यताको समाप्ति र अयोग्यता

क. राजीनामा दिएमा ।

ख. मृत्यु भएमा ।

ग. संस्थाको हितबिपरित काम गरेको प्रमाणित भएमा, संगठनको निर्णय उलंघन गरी बिपक्षीलाई फाइदा पुग्ने काम गरेमा ।

घ. निर्धारित समयभित्रै सदस्यता नवीकरण नगरेमा तर यस अवस्थामा समितिले चाहेमा निजलाई तोकिएबमोजिमको जरिवाना लिई एक पटकका लागि तीन महिना थप गरी नवीकरणका लागि म्याद थप गर्न सक्नेछ ।

ङ. संगठनको हितविपरीत काम गरेको ठहऱ्याइएमा समितिले निष्काशन गर्ने निर्णय गर्नुपूर्व निजलाई आफ्नो पक्षमा स्पष्टीकरण दिने अवसर अनिवार्य रूपमा प्रदान गर्नुपर्नेछ । प्राप्त स्पष्टीकरण तर्कसङ्गत र सत्य नभएमा निष्काशनको निर्णय गर्न सकिनेछ ।

च. आफूउपर भएको निष्काशनको कारबाही चित्त नबुझेमा निजले त्यसपछि लगत्तै हुने राष्ट्रिय प्रतिनिधि परिषद् बैठकसमक्ष उजुरी दिन सक्नेछ ।

परिच्छेद-४

# राष्ट्रिय अधिवेशन तथा समिति

## ९. सङ्गठनको स्वरूप

१. **क. राष्ट्रिय अधिवेशन :** राष्ट्रिय अधिवेशन सर्वोच्च निकाय हुनेछ। केन्द्रीय समितिले तीन वर्षमा राष्ट्रिय अधिवेशन गराउनेछ। केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, बिशेष/प्रतिष्ठान समितिले ३ बर्षमा अधिवेशन गराउने छन । यस्तो अधिवेशन हुने मिति, समय र स्थान तोकी कम्तीमा ३० दिनअगावै सदस्यहरूलाई सूचना पठाउनु पर्नेछ । यसरी सूचना पठाउँदा राष्ट्रिय अधिवेशनमा छलफलका लागि पेस हुने प्रस्तावको विषय सूचीसमेत पठाउनु पर्नेछ। सबै तहका अधिवेशनका गणपूरक सङ्ख्या ५१ प्रतिशत हुनेछ ।

ख. राष्ट्रिय अधिवेशनमा पेस हुने प्रस्ताव समितिले तयार गरी पेस गर्नुपर्नेछ। कुनै सदस्यले अधिवेशनमा पेस गर्नुपर्ने कुनै प्रस्ताव भए अधिवेशन हुने मितिभन्दा ४५ दिनअगावै केन्द्रीय समितिमा दर्ता गर्नुपर्नेछ ।

ग. जिल्ला समितिले २० जना साधारण सदस्य बराबर १ जनाका दरले र महिलाका हकमा १५ जना साधारण सदस्य बराबर १ जनाका दरले राष्ट्रिय अधिवेशनमा प्रतिनिधि पठाउनेछ। तर, पीछडिएका क्षेत्रको हकमा १५ जना बावर १ जना र महिलाको हकमा १० बरावर १ जना प्रतिनिधि हुनेछन । प्रतिनिधि छनोटमा दोहोरो मतदानको अधिकार हुने छैन। १५ सदस्य भन्दा कम संख्या भएका जिल्ला, बिशेष/प्रतिष्ठान समितिमा केन्द्रीय समितिले तोके बमोजिम राष्ट्रिय अधिवेशनको प्रतिनिधि हुनेछन ।

घ. केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू राष्ट्रिय अधिवेशनका प्रतिनिधि हुनेछन् ।

ङ. पूर्वअध्यक्ष तथा सल्लाहकारहरू राष्ट्रिय अधिवेशनका प्रतिनिधि हुनेछन् ।

च. अनुशासन आयोगका अध्यक्ष तथा सदस्यहरू राष्ट्रिय अधिवेशनका प्रतिनिधि हुनेछन् ।

छ. लेखा आयोगका अध्यक्ष तथा सदस्यहरू राष्ट्रिय अधिवेशनका प्रतिनिधि हुनेछन् ।

ज. केन्द्रीय विभागका सचिवहरू अधिवेशनका प्रतिनिधि हुनेछन् ।

झ. प्रदेश समितिका अध्यक्ष राष्ट्रिय अधिवेशनको प्रतिनिधि हुनेछन ।

ञ. जिल्ला, बिशेष/प्रतिष्ठान समितिका अध्यक्ष राष्ट्रिय अधिवेशनका प्रतिनिधि हुनेछन् ।

ट. निर्वाचन समितिका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरू अधिवेशनका प्रतिनिधि हुनेछन । तर उनीहरू संगठनको सदस्य नभएमा यो प्रावधान लागू निष्कृय हुनेछ ।

ठ. प्रतिनिधि छनोट गर्दा संभव भएसम्म महिला, मधेसी, आदिवासी जनजाती, मुस्लिम, दलित, थारुलगायत अन्य समुदायको समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

ड. केन्द्रीय समितिले राष्ट्रिय अधिवेशनका लागि आवश्यक सम्झिएमा महिलासहित कुल प्रतिनिधि सदस्य सङ्ख्याको १० प्रतिशत सदस्य मनोनयन गर्न सक्नेछ ।

ढ. राष्ट्रिय अधिवेशनको प्रतिनिधि हुन कम्तीमा पाँच बर्ष सदस्य भएको हुनुपर्नेछ । महिला, दलित, मुस्लिम, अल्पसंख्यक पिछडिएको क्षेत्रको हकमा तीन बर्ष हुनुपर्नेछ ।

## २. राष्ट्रिय अधिवेशनको काम, कर्तव्य र अधिकार :

१. राष्ट्रिय अधिवेशनमा पेस हुने र छलफल गरी निर्णय गर्नुपर्ने विषयहरू निम्नानुसार हुनेछन् :

   क. केन्द्रीय समितिले गरेको कामको मूल्याङ्कन गर्ने ।

   ख. केन्द्रीय समितिले पेस गरेका प्रतिवेदन र प्रस्तावहरूमा छलफल गरी पारित गर्ने ।

   ग. संगठनको लक्ष्य र उद्देश्यपूर्तिका लागि अन्य आवश्यक विषयमा प्रस्ताव पेस गरी छलफल गरी पारित गर्ने ।

   घ. गोप्य मतदानद्वारा समितिको निर्वाचन गर्ने ।

२. **समिति :** समितिमा देहायबमोजिमका पदाधिकारी/सदस्य रहनेछन् :

क. संगठनको सदस्यता प्राप्त गरेका सदस्यहरूले गोप्य मतदानद्वारा अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, उपसचिव-१, कोषाध्यक्ष-१ र सदस्यहरू गरी जम्मा बढीमा २१ जनासम्मको जिल्ला समिति गठन गर्न सक्नेछन् । तर जिल्ला पदाधिकारीमा उम्मेदवार बन्न कम्तीमा एक कार्यकाल सदस्य पदमा काम गरेको हुनुपर्नेछ । जिल्ला, बिशेष/प्रतिष्ठान समितिको मातहतमा आवश्यकता अनुसार सञ्चार प्रतिष्ठान स्तरमा समिति गठन गर्न सकिनेछ ।

ख. प्रदेश, जिल्ला, बिशेष/प्रतिष्ठान समितिले आफ्नो अधिवेशनपूर्व केन्द्रीय लेखा आयोगबाट अनिवार्य रुपमा लेखा परीक्षण गर्नुपर्ने छ । लेखा परीक्षण नगरी अधिवेशन सम्पन्न भएको पाइएमा केन्द्रीय समितिले बिघटन गरी नयाँ कार्यसमिति गठन गर्न सक्ने छ ।

राष्ट्रिय अधिवेशनबाट ८५ सदस्यीय केन्द्रीय समिति चयन हुनेछ । केन्द्रीय समितिको संरचना यस प्रकार हुनेछ :

अध्यक्ष-१,

उपाध्यक्ष-१०,

वरिष्ठ उपाध्यक्ष-१,

महिला उपाध्यक्ष-१

समावेशी उपाध्यक्ष-१

प्रत्येक प्रदेशबाट एक/एक जनाका दरले चयन हुने उपाध्यक्ष-७,

महासचिव-१

उपमहासचिव-२

सचिव-७

खुल्लातर्फ-४

समावेशीतर्फ-३

महिला/मधेसी/मुस्लिम/थारु-१,

दलित-१,

जनजाति-१,

कोषाध्यक्ष-१,

केन्द्रीय सदस्यहरू- ६३

खुल्लाबाट- १५,

महिला खुल्लाबाट- २,

काठमाडौं उपत्यका भुगोलतर्फ- २,

बिशेष क्षेत्रबाट-२,

प्रत्येक प्रदेशबाट १ महिलासहित ३ गरी २१,

मधेसीबाट-३,

आदिवासी जनजातीबाट-३,

दलितबाट-२,

मुस्लिमबाट-१,

थारुबाट-१,

पिछडिएको क्षेत्रबाट-१,

अल्पसंख्यक-१

मनोनित-९

आरक्षण कोटाको हकमा एक पदमा एक पटक भन्दा बढी उम्मेदवार बन्न पाइने छैन ।

ग. केन्द्रीय समितिको बैठकले नियमित कार्य सम्पादन गर्न सो समितिका सम्पुर्ण पदाधिकारीहरू रहने गरी सचिवालयको गठन गर्नेछ । आयोगका अध्यक्षहरू सचिवालय सदस्य सरह हुनेछन । जस्मा आवश्यकता अनुसार थप ३ सदस्य मनोनित गर्न सकिने छ ।

३. केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला, बिशेष/प्रतिष्ठान समितिको पदावधी तीन बर्षको हुनेछ । बिशेष परिस्थितिमा केन्द्रीय कमिटीले निर्णय गरी एक बर्षसम्मका लागि पदावधी थप गर्न सक्नेछ । अधिवेशन हुनअगावै जिल्ला, बिशेष/प्रतिष्ठान समितिले आफ्ना सदस्यहरूको बिवरण प्रदेश, केन्द्रीय समितिमा पठाउनु पर्नेछ । राष्ट्रिय अधिवेशन भन्दा तीन महिना अगाडि जिल्ला, बिशेष/प्रतिष्ठान अधिवेशन र एक महिना अगाडि प्रदेश समितिको अधिवेशन गरिसक्नु पर्नेछ । सोही अधिवेशनले नै राष्ट्रिय अधिवेशनका प्रतिनिधि चयन गरी

केन्द्रीय समितिमा विवरण पठाउनु पर्नेछ। जिल्ला, बिशेष/प्रतिष्ठान, प्रदेश समितिले समयमै अधिवेशन सम्पन्न नगरेमा केन्द्रीय कमिटीले बिघटन गरी नयाँ आयोजक समिति बनाउन सक्नेछ ।

४. प्रदेश, जिल्ला, बिशेष/प्रतिष्ठान समितिका अध्यक्ष राष्ट्रिय अधिवेशनमा उम्मेदवार बनेको अवस्थामा उम्मेदवारी कायम भएपछि स्वतः पदमुक्त हुनेछन । त्यस्तो समितिमा दुई महिनाभित्र अधिवेशन वा कार्यसमिति बैठक गरी नयाँ अध्यक्ष अध्यक्ष चयन गर्नुपर्नेछ ।

५. नीति-निर्णयमा समितिलाई सहयोग पुऱ्याउन सवै तहका समितिले सल्लाहकार मनोनयन गर्न सक्नेछन । सल्लाहकारको संख्या केन्द्रमा बढीमा १९ जना, प्रदेशमा बढीमा ११, जिल्ला, बिशेष/प्रतिष्ठानमा बढीमा ७ जनासम्म हुनेछ । सल्लाहकारलाई समितिमा मतदानको अधिकारी हुनेछैन । सल्लाहकारहरू सम्बन्धित समितिको अधिवेशनमा स्वतः प्रतिधिनि हुनेछन ।

६. समितिमा रहेका पदाधिकारी तथा सदस्यहरू अध्यक्षको सवीकृतीबिना आमसञ्चारका क्षेत्रबाहेकका अन्य काम वा गतिबिधिमा संलग्न हुन पाइने छैन । बिदेश भ्रमणमा जाँदा नेतृत्वबाट अनिवार्य स्वीकृती लिनुपर्नेछ ।

## १०. राष्ट्रिय, जिल्ला तथा विशेष प्रतिनिधि परिषद् बैठक

१. संगठनका राष्ट्रिय, प्रदेश, जिल्ला तथा विशेष/प्रतिष्ठान प्रतिनिधि परिषद्का बैठकहरू निम्नानुसार बस्नेछन् :

क. राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक दुई अधिवेशनको बीचमा एक पटक बस्नेछ ।

ख. प्रदेश, जिल्ला, बिशेष/प्रतिष्ठान परिषद्को बैठक प्रत्येक वर्षको एक पटक बस्नेछ ।

ग. केन्द्रीय समितिले आवश्यक ठहऱ्याएमा वा साधारण सदस्यको बहुमत सङ्ख्याले उचित कारणसहित लिखित अनुरोध गरेमा त्यस्तो अनुरोध प्राप्त भएको एक महिनाभित्र समितिले विशेष प्रतिनिधि परिषद् बैठक बोलाउनु पर्नेछ ।

घ. विशेष प्रतिनिधि परिषद् बैठक बोलाउन तोकिएको विषयमा बाहेक अरू कुरामा छलफल गर्न पाइने छैन ।

ङ. विशेष प्रतिनिधि परिषद् बैठकका लागि राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्यहरूको बहुमतको हस्ताक्षर आवश्यक पर्नेछ । दुई तिहाई संख्या पुगेपछि प्रस्ताव पारित हुनेछन ।

च. राष्ट्रिय प्रतिनिधि परिषद बैठकलाई बिधान अधिवेशनसमेत भनिनेछ ।

## २. अध्यक्षता

क. प्रतिनिधि परिषद् बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछन् ।

ख. अध्यक्षविरुद्धको प्रस्तावउपर छलफल गर्नुपरेमा उपाध्यक्षले र अध्यक्ष र उपाध्यक्ष दुवैका विरुद्धमा आएको प्रस्तावमा छलफल गर्नुपरेमा बैठकले आफूमध्येबाट जेष्ठ सदस्यलाई अध्यक्षताको जिम्मा दिनेछ ।

## ३. छलफल र निर्णय :

क. बिशेष बैठकबाहेक बैठकमा उपस्थित सदस्यहरूको सामान्य बहुमतका आधारमा प्रस्तावहरू पारित हुनेछन् ।

ख. पक्ष-विपक्षमा बराबर सङ्ख्या वा मत भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

परिच्छेद-५

# समिति, पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार

## ११. केन्द्रीय समिति

क. अध्यक्षको अनुमति लिएर महासचिवले समितिको बैठक बोलाउनेछ। नियमित बैठक वर्षको कम्तीमा दुई पटक बोलाइनेछ।

ख. आकस्मिक बैठक बस्नुपरेमा २४ घण्टाभित्र बोलाउन सकिनेछ।

ग. समितिका कुल सदस्यमध्ये कम्तीमा ५१ प्रतिशतको उपस्थितिलाई बैठकको गणपूरक सङ्ख्या मानिनेछ।

घ. बैठकमा प्रस्तुत प्रस्ताव र कार्यक्रम सामान्य बहुमतका आधारमा निर्णय भएको मानिनेछ। सदस्यहरूबीच पक्ष-विपक्षमा बराबर मत हुन आएमा अध्यक्षको मत निर्णायक हुनेछ।

ङ. समितिले आवश्यकताअनुसार विभिन्न विभागहरू गठन गर्न सक्नेछ। बिभागहरूले अध्यक्षको अनुमति लिएर मात्रै आफ्नो कार्यसम्पादन गर्नुपर्नेछ। बिभागको सचिव आवश्यक परामर्श गरी अध्यक्षले तोक्नेछ।

च. केन्द्रीय सचिवालयको बैठक आवश्यकताअनुसार बस्नेछ।

छ. कुनैपनि बैठक बस्न नसकेको अवस्थामा अध्यक्षले निर्णय लिनेछ । सो निर्णय लगत्तै बस्ने कमिटीको बैठकमा सहमतिका लागि प्रस्तुत गर्नुपर्नेछ ।

## १२. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार

क. सम्पूर्ण कार्यकारी अधिकार समितिमा निहित रहने छ।

ख. आवश्यक नियम-विनियम बनाई लागू गर्न सक्ने।

ग. प्रत्येक प्रदेश/जिल्लामा इन्चार्ज तोक्ने।

घ. वार्षिक अनुमानित आय-व्यय विवरण तयार गर्ने, स्रोत, साधन जुटाउने र परिचालन गर्ने।

ङ. विधानले तोकेअनुसार संगठनको उद्देश्यअनुरूपका कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्ने।

च. राष्ट्रिय प्रतिनिधि परिषद् बैठक तथा आवश्यकता अनुसारका भेला/बैठकहरू बोलाउने ।

छ. सचिवालयले गरेका निर्णयहरू अनुमोदन गर्ने ।

ज. पहिलो पटक गठन हुने प्रदेश, जिल्ला, बिशेष/प्रतिष्ठान समितिको अध्यक्ष, पाधिकारी र सदस्य तोक्ने ।

## १३. केन्द्रीय सचिवालयको काम, कर्तव्य र अधिकार

क. केन्द्रीय समितिका दुई बैठकका बीचमा केन्द्रीय समितिका सम्पूर्ण अधिकारहरू प्रयोग गर्ने ।

ख. संगठनका तर्फबाट तत्काल सार्वजनिक गर्नुपर्ने धारणाहरू निर्माण गर्ने ।

ग. अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूसँगको भाइचारा सम्बन्ध स्थापना, संस्थागत प्रतिनिधित्व चयन, अन्य सङ्घ-संगठनसँगको सहकार्यलगायतका कामहरू गर्ने ।

## १४. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**अध्यक्ष**

क. संगठनको समग्र नेतृत्व गर्ने, परिषद् बैठक, भेला र समितिको बैठकको अध्यक्षता गर्ने ।

ख. परिषद्को निर्देशन र विधानमा निर्धारित उद्देश्य तथा नीति कार्यक्रमको पालना र सञ्चालन गर्ने/गराउने ।

ग. समितिलाई सक्रिय राखी संगठनको हितमा समग्र नेतृत्व प्रदान गर्दै पदाधिकारी तथा सदस्यहरूको कामको बाँडफाँट र मुल्यांकण गर्ने ।

घ. बैठक नबसेको अवस्थामा केन्द्रीय समितिको सम्पुर्ण अधिकार प्रयोग गर्ने ।

ङ. संगठनभित्र सवै प्रकारका अनुशासन कायम गर्ने/गराउने ।

च. पदाधिकारी र सदस्यलाई बिशेष परिस्थितिमा बिशेष जिम्मेवारी दिएर खटाउने ।

**वरिष्ठ उपाध्यक्ष**

क. संगठनको कार्य सम्पादनमा अध्यक्षलाई पूर्णरुपमा सघाउने ।

ख. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण काम गर्ने ।

ग. अध्यक्षले खटाएको क्षेत्रमा अध्यक्षको प्रतिनिधिका रुपमा कार्यसम्पादन गरी प्रतिवेदन पेश गर्ने ।

**उपाध्यक्ष**

क. अध्यक्षलाई पुर्ण रुपमा सघाउने/प्रदेश समिति वा आ-आफ्नो क्षेत्रसँग सम्बन्धित समितिको बैठक बर्षमा कम्तीमा तीन पटक बसाई अध्यक्ष र केन्द्रीय समितिमा रिपोर्टिङ गर्ने ।

ख. आफ्नो प्रदेशभित्रको संरचनाअनुसार आर्थिक तथा संगठन निर्माणको नीति अख्तियार गर्ने । आफ्नो क्षेत्रसँग सम्बन्धित जिल्ला, बिशेष/प्रतिष्ठान समितिको नियमित बैठक बसाउने, केन्द्रको निर्णय, निर्देशन कार्यान्वयन गर्ने/गराउने र अनुगमन गर्ने ।

ग. आफ्ना क्षेत्रसँग सम्बन्धित योजना बनाउने र केन्द्रीय सचिवालयलाई जानकारी गराउने ।

घ. अध्यक्षले खटाएको क्षेत्रमा अध्यक्षको प्रतिनिधिका रुपमा कार्यसम्पादन गरी प्रतिवेदन पेश गर्ने ।

**महासचिव**

क. समितिको निर्णयअनुसार अध्यक्षको निर्देशनमा रही संगठनका दैनिक क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्ने ।

ख. अध्यक्षको निर्देशनमा समितिको बैठक बोलाउने ।

ग. अध्यक्षको निर्देशनअनुरुप बैठकका लागि प्रतिवेदन र कार्यसूची तयार पार्ने ।

घ. समितिको दैनिक कार्यसञ्चालन गर्ने/गराउने ।

ङ. राष्ट्रिय प्रतिनिधि परिषद्, भेला र समितिले पारित गरेका विषयहरूको अभिलेख दुरुस्त राख्ने ।

च. संगठनको नाममा आवश्यक लेखापढी गर्ने ।

छ. अध्यक्षको निर्देशनमा रही संगठन बिभागको नेतृत्व गर्ने ।

**उपमहासचिव**

क. दैनिक कार्यसञ्चालनमा महासचिवको काममा सहयोग गर्ने ।

ख. महासचिवको अनुपस्थितिमा महासचिवका सम्पूर्ण कामहरू गर्ने ।

ग. अध्यक्षको अनुमति लिएर महासचिवले खटाएको क्षेत्रमा महासचिवको प्रतिनिधिका रुपमा कार्यसम्पादन गरी प्रतिवेदन पेश गर्ने ।

**सचिव**

क. महासचिवको काममा पुर्ण सहयोग गर्ने ।

ख. उपमहासचिवको अनुपस्थितिमा उपमहासचिवका सम्पूर्ण कामहरू गर्ने ।

ग. अध्यक्षको अनुमति लिएर महासचिवले खटाएको क्षेत्रमा महासचिवको प्रतिनिधिका रुपमा कार्यसम्पादन गरी प्रतिवेदन पेश गर्ने ।

**कोषाध्यक्ष**

क. संगठनको आम्दानी र खर्चको फाँटवारी राख्ने ।

ख. अध्यक्ष र समितिको निर्देशनमा बजेट बनाई पेस र खर्च गर्ने ।

ग. संगठनभित्र आर्थिक पारदर्शिता कायम गर्ने ।

घ. संगठनको शुल्क, दस्तुर असुल गर्ने/गराउने र संगठनको तर्फबाट गर्नुपर्ने खर्चको व्यवस्था गर्ने/गराउने ।

**सदस्य**

क. बैठक बसेको बेला तथा अन्य समयमा सङ्गठनलाई अघि बढाउन राय, सुझाव र योजनाहरू प्रस्तुत गर्ने । संगठनको उद्देश्य र कार्यक्रमहरू पूरा गर्न सक्रिय रहने ।

ख. आफ्नो प्रदेशभित्रको संरचनाअनुसार आर्थिक तथा संगठन निर्माणको नीति अख्तियार गर्ने । आफ्ना क्षेत्रसँग सम्बन्धित जिल्ला, बिशेष/प्रतिष्ठान समितिको नियमित बैठक बसाउने, केन्द्रको निर्णय, निर्देशन कार्यान्वयन गर्ने/गराउने र अनुगमनमा उपाध्यक्षलाई सघाउने ।

ग. केन्द्रीय समितिले तोकेमा सम्बन्धित जिल्ला, बिशेष/प्रतिष्ठानमा इन्चार्जको भूमिका निर्वाह गर्ने ।

घ. नेतृत्वको निर्देशनअनुसारको काम गर्ने ।

**१५. आयोग**

**१ (क) अनुशासन आयोग :** सवै तहका कमिटीमा एक अनुशासन आयोग रहने छ । आयोगमा अध्यक्ष र चार सदस्य रहनेछन ।

ख. अनुशासन आयोगको काम, कर्तब्य र अधिकार

संगठनभित्र अनुशासन कायम गर्न/गराउन केन्द्रीय समितिलाई सहयोग गर्ने । अनुशासनहीन कामको रेकर्ड राखी केन्द्रीय समितिमा प्रतिवेदन बुझाउने । संगठनमा रहेका कसैले बिधानबिपरित काम गरे आयोगको बैठक राखेर कारवाहीको लागि केन्द्रीय समितिमा सिफारिश गर्ने ।

२ (क) **लेखा आयोग :** सवै तहका कमिटीमा एक लेखा आयोग रहने छ । आयोगमा अध्यक्ष र चार सदस्य रहनेछन ।

ख. लेखा आयोगको काम, कर्तब्य र अधिकार :

- संस्थाको आम्दानी खर्चको फाँटवीको लागि अनुगमन गर्ने,
- संस्थाको आर्थिक फाँटलाई चुस्त र परदर्सी राख्न आवश्यक अनुगमन गर्ने,
- संस्थाको आर्थिक फाँटमा कुनै त्यस्तो गम्भीर समस्या वा बिवाद आएमा समाधानका लागि सहयोग गर्ने,
- प्रदेश, जिल्ला र बिशेष/प्रतिष्ठान समितिले तयार गरेको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने र त्यस्तो प्रतिवेदनलाई सम्बन्धित समितिको अधिवेशनबाट पारित गर्नका लागि पेश गर्न लगाउने ।

## १६. प्रदेश समितिका काम, कर्तव्य र अधिकार

क. जिल्ला, बिशेष/प्रतिष्ठान समितिको बैठक बर्षमा कम्तीमा तीन पटक बसाई केन्द्रीय समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने

ख. आवश्यकताअनुसार त्यस क्षेत्रभित्रका बैठक, गोष्ठी, भेला आयोजना गर्ने, ती सवै कामको जानकारी केन्द्रीय समितिलाई दिने ।

ग. आफ्नो क्षेत्रसँग सम्बन्धित जिल्ला समितिहरूको नियमित बैठक बसाउने, केन्द्रको निर्णय, निर्देशन कार्यान्वयन गर्ने/गराउने र अनुमगमन गर्ने ।

घ. आफ्नो क्षेत्रसँग सम्बन्धित योजना बनाउने र सम्बन्धित उपाध्यक्षमार्फत अध्यक्ष र केन्द्रीय सचिवालयलाई जानकारी गराउने ।

ङ. प्रदेश समितिको बैठक चार महिनामा कम्तीमा एक पटक बस्ने । सचिवालय बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

## १७. जिल्ला, बिशेष/प्रतिष्ठान समितिका काम, कर्तव्य र अधिकार

क. प्रत्येक जिल्ला, बिशेष/प्रतिष्ठान समितिले संगठनको विधान, नियम तथा समितिको निर्णय र नीतिहरूको कार्यान्वयन गर्ने तथा पालना गर्नुपर्नेछ। यो नियम साधारण सदस्यहरूमा लागू हुनेछ।

ख. वार्षिक रूपमा परिषद् बैठक बसी सो सभामा पारित वार्षिक आय-व्ययको लेखापरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन र अन्य निर्णयको प्रतिलिपि केन्द्रीय कार्यालयमा बढीमा ३० दिनभित्र पुग्ने गरी पठाउनु पर्नेछ।

ग. साधारण सदस्यहरूको नाम, ठेगाना र प्रत्येक वर्ष नयाँ बनेका तथा नवीकरण गरेका सदस्यहरूको नामावली तथा जिल्ला, बिशेष/प्रतिष्ठान समितिका निर्णयसमेतको विवरणहरू एक महिनाभित्र पठाउनु पर्नेछ।

घ. आफूले तय गरेको वार्षिक बजेट तथा कार्यक्रमहरू केन्द्रीय समितिलाई जानकारी गराउनु पर्नेछ।

ङ. कुनै जिल्ला, बिशेष/प्रतिष्ठान समितिको कार्य सञ्चालनमा अनियमितता भएको छ वा आपसमा कुनै झै-झगडा वा वादविवाद उत्पन्न भएको छ भन्ने केन्द्रीय समितिलाई जानकारी हुन आएमा केन्द्रीय समितिले जाँच गरी/गराई त्यसको आधारमा दिएको निर्णय त्यस्तो जिल्ला, बिशेष/प्रतिष्ठान समिति र साधारण सदस्यले मान्नुपर्नेछ। त्यस्ता निर्णयउपर चित्त नबुझे राष्ट्रिय परिषद्समक्ष उजुरी गर्न सकिनेछ, जसको निर्णय अन्तिम हुनेछ।

च. सङ्घको वार्षिक साधारण सदस्यता शुल्क प्रथम वर्षका लागि सदस्यताका लागि दिइने दरखास्तका साथै प्रवेश शुल्कसहित पेस गर्नुपर्नेछ।

छ. कुनै सदस्यले सदस्यता परित्याग गर्न चाहेमा सोका लागि आवेदन लिई निजबाट नगद तथा जिन्सीको फरफारक गर्नुपर्नेछ।

ज. केन्द्रीय समितिले आवश्यकताअनुसार माग गरेमा अन्य विवरणहरू पठाउनुपर्नेछ।

झ. जिल्ला, बिशेष/प्रतिष्ठान समितिले साधारण सदस्यताबापत उठाएको रकमको ५० प्रतिशत रकम केन्द्रीय समितिमा अनिवार्य रूपले बुझाउनुपर्नेछ।

ञ. जिल्ला, बिशेष/प्रतिष्ठान समितिको नियमित बैठक वर्षको कम्तीमा ४ पटक बस्नेछ। यसरी बस्ने बैठकको अन्तर तीन महिनाभन्दा बढी हुने छैन। आकस्मिक बैठक बस्नुपरेमा २४ घण्टाभित्रै पनि त्यस्तो बैठक बोलाउन सकिनेछ।

परिच्छेद-६

## आर्थिक व्यवस्था

### १८. आर्थिक स्रोत

क. संगठनको एक छुट्टै कोष रहनेछ र त्यस्तो आय-स्रोत सदस्यता शुल्क, दस्तुर, सहयोग, चन्दा, उपहार वा अन्य विभिन्न कार्य र माध्यमबाट प्राप्त रकम हुनेछ।

ख. संगठनको दैनिक कार्यसञ्चालन र नेतृत्वसहित पुर्णकालिन सदस्यका लागि आवश्यक खर्च कोषबाटै गरिनेछ। आम्दानी-खर्चको नियमित लेखा परीक्षण गरिनेछ।

### १९. चल-अचल सम्पत्तिको विवरण

संगठनले व्यक्तिसरह चल-अचल सम्पत्ति भोगचलन गर्न सक्नेछ।

### २०. कोषको सञ्चालन व्यवस्था

क. संगठनको खाता अध्यक्ष, महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ। अध्यक्ष वा महासचिवमध्ये एक र कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ।

ख. समितिले निर्धारण गरेको नीति-नियमअनुसार कोषको सञ्चालन, लेखापरीक्षण र अन्य सम्बन्धित कुराहरू हुनेछन्।

ग. अध्यक्ष, महासचिव र कोषाध्यक्षले दैनिक कार्य सञ्चालनका लागि समितिबाट पछि अनुमोदन गर्ने गरी एक पटकमा रु. १००००।- (दश हजार रुपैया) सम्म खर्च गर्न सक्नेछन्।

घ. खर्चको स्वीकृती र प्रमाणिकरण अध्यक्षले गर्नेछ।

## २१. लेखापरीक्षण

संगठनको हिसाब विवरण मान्यताप्राप्त लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनसहित प्रत्येक वर्ष सम्बन्धित अधिकारीसमक्ष पेस गरिनेछ ।

परिच्छेद-७

# निर्वाचन

## २२. निर्वाचन प्रक्रिया

क. केन्द्रीय समितिले आफ्नो पदावधि समाप्त हुनुभन्दा १ महिनाअगावै एक मुख्य निर्वाचन अधिकृतसहित बढीमा ५ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ । यस्तै प्रदेश, जिल्ला, विशेष/प्रतिष्ठान समितिले निर्वाचन हुनुअघि केन्द्रको अनुमति लिएर मुख्य निर्वाचन अधिकृतसहित तीन सदस्यीय निर्वाचन समिति गठन गर्नेछ ।

ख. निर्वाचन गोप्य मतदानबाट गरिनेछ । मत बराबर भएमा गोलाप्रथाद्वारा निर्णय गरिनेछ ।

ग. निर्वाचनका सम्बन्धमा प्रदेश/जिल्ला, बिशेष/प्रतिष्ठान समितिले पनि उल्लिखित विधि अपनाउनुपर्नेछ ।

घ. केन्द्रीय समितिको अध्यक्ष पदमा एउटै व्यक्ति लगातार दुईभन्दा बढी कार्यकाल रहन पाउने छैन ।

ङ. केन्द्रीय समितिको अध्यक्ष हुन कम्तीमा दुई कार्यकाल पदाधिकारी र महासचिवबाहेकका पदाधिकारीका लागि कम्तीमा एक कार्यकाल केन्द्रीय सदस्य वा तीन पटक राष्ट्रिय अधिवेशनको प्रतिनिधि रही कार्य सम्पादन गरेको हुनुपर्नेछ ।

च. केन्द्रीय सदस्य हुन राष्ट्रिय अधिवेशनमा कम्तीमा दुई पटक प्रतिनिधि भएको वा जिल्ला समितिमा दुई पटक पदाधिकारीका रुपमा कार्य गरेको वा प्रदेश समितिमा एक कार्यकाल पदाधिकारी वा सदस्यका पमा कार्य सम्पादन गरेको हुनुपर्नेछ ।

छ. प्रदेश समितिको अध्यक्ष हुन जिल्ला समितिमा कम्तीमा दुई कार्यकाल पदाधिकारी, सदस्य वा सल्लाहकार भएको हुनुपर्नेछ ।

ज. निर्वाचन सम्बन्धी केन्द्रीय समितिले थप कार्यबिधि बनाउन सक्नेछ । सो कार्यबिधि यसै बिधानसरह मानिने छ ।

## २३. उम्मेदवार हुन अयोग्यता

क. संस्थापक सदस्यबाहेकका साधारण सदस्यहरूले संगठनको सदस्यता लिएको दुई वर्ष नपुगी निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

## २४. अविश्वासको प्रस्ताव

क. राष्ट्रिय प्रतिनिधि परिषद्को सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई सदस्यले समिति वा समितिका पदाधिकारीप्रति विश्वास छैन भनी कारणसहित लिखित रूपमा अविश्वासको प्रस्ताव पेस गर्न सक्नेछन् ।

ख. अविश्वासको प्रस्तावको निर्णय राष्ट्रिय प्रतिनिधि परिषद्को सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट हुनेछ । तर, सफाइको मौकाबाट वञ्चित गरिने छैन ।

## २५. पद रिक्त हुने अवस्था, समिति विघटन र पदपूर्ति

निम्न अवस्थामा समितिका सदस्यको सदस्यता समाप्त हुने, समिति विघटन हुने र पदपूर्ति हुनेछ :

क. पदबाट राजीनामा दिएमा ।

ख. साधारण सदस्यता समाप्त भएमा वा छाडेमा ।

ग. सूचना पाएर पनि लगातार तीन पटक बिनाकारण बैठकमा अनुपस्थित भएमा ।

घ. संगठनको हित र उद्देश्यविपरीत कामकारबाही गरेको आधारमा समितिले निर्णय गरी पदबाट हटाएमा ।

ङ. प्रदेश समिति वा जिल्ला, बिशेष/प्रतिष्ठान समिति निष्क्रिय भएमा वा त्यस्ता समितिले केन्द्रीय समितिको निर्णयको उल्लङ्घन गरेमा केन्द्रीय समितिले त्यस्ता समिति विघटन गरी नयाँ समिति गठन गर्न सक्नेछ ।

च. उपरोक्त अवस्थामा पद रिक्त हुन आएमा बाँकी अवधिका लागि समितिले निर्णय गरी पदाधिकारी भएमा समितिको सदस्यमध्येबाट र सदस्य भएमा परिषद् सदस्यमध्येबाट पदपूर्ति गर्नेछ ।

**२६. विधान संशोधन**

क. संगठनको विधान संशोधन गर्न आवश्यक भएमा समिति वा कुनै प्रतिनिधि परिषद् सदस्यले राष्ट्रिय अधिवेशन वा बिधान अधिवेशनमा संशोधन प्रस्ताव राख्नेछ। राष्ट्रिय अधिवेशन/बिधान अधिवेशनमा राष्ट्रिय अधिवेशनका सम्पूर्ण सदस्यको दुई तिहाइ सदस्यले संशोधनको पक्षमा मत दिएमा उक्त विधान संशोधन हुनेछ ।

ख. स्थानीय अधिकारीको पूर्वस्वीकृति लिई संशोधित विधान लागू गरिनेछ ।

**२७. नियम बनाउने**

संगठनको कार्यसञ्चालनका लाग आवश्यक नियम र विनियमहरू विधानसँग नबाभ्ने गरी समितिले तयार गरी लागू गर्न सक्नेछ। समितिले आचार संहिता बनाई लागू गर्न सक्नेछ। सो आचार संहिता उलंघन भएमा बिधानको दफा ८ (ग) अनुसार कार्वाही हुनेछ ।

**२८. विघटन**

संगठनको विधानबमोजिम कार्यसञ्चालन हुन नसकी वा अन्य कुनै कारणवश संगठन विघटन भएमा त्यसको चल-अचल सम्पत्ति, जायजेथा आदि प्रचलित कानुनअनुसार संरक्षण गरिनेछ ।

**२९. निष्क्रियता**

यस विधानमा जेसुकै कुरा लेखिएको भए तापनि नेपालको संबिधान र प्रचलित कानुनसँग बाभिएका हदमा स्वतः निष्क्रिय हुनेछ ।

## ३०. बाधा-अड्काउ फुकाउ

नेपालको संविधान संशोधन भई राज्य:पुनसंरचना वा अन्य कुनै कारणले सङ्गठनात्मक स्वरुपमा परिवर्तन गर्नुपर्ने भएमा यो विधान बाधक मानिने छैन । त्यस्तो अवस्थामा आगामी राष्ट्रिय अधिवेशन/बिधान अधिवेशनबाट अनुमोदन गर्ने गरी केन्द्रीय समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

## सपथ

म............... प्रेस चौतारी नेपालको ....... पदमा निर्वाचित भएको यस ऐतिहासिक क्षणमा प्रण गर्दछु कि म प्रेस तथा अभिब्यक्ति स्वतन्त्रता, लोकतन्त्र, सूचनाको हक र सामाजिक उत्तरदायित्वसहितको मर्यादित र जिम्मेदार पत्रकारिताको लक्षप्रति सदैव प्रतिवद्ध रहने छु । प्रेस चौतारी नेपालको बिधानको पुर्ण पालना गर्दै श्रमजीवि पत्रकारको हित रक्षाको लागि निरन्तर लागिरहने छु । र, पत्रकारिताको माध्यमबाट आर्थिक संमृद्धिसहितको समुन्नत समाज निर्माणका लागि अधिकतम योगदान गर्नेछु ।

प्रेस चौतारी नेपाल - जिन्दावाद ।
प्रेस तथा अभिब्यक्ति स्वतन्त्रता - जिन्दावाद ।
संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल - जिन्दावाद ।